# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, साउन २८ गते २०३३ साल [ अतिरिक्ताङ्क १२ + (ङ)

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. १०

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

५६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## स्थानीय पञ्चायतको सदस्य सहवरण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः स्थानीय पञ्चायतमा सदस्य सहवरण गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "स्थानीय पञ्चायत (सदस्य सहवरण) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) दफा १ तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन् ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सदस्य" भन्नाले स्थानीय पञ्चायतको निर्वाचित वा सहवृत्त सदस्य सम्झनुपर्छ र सो शब्दले गाउँ पञ्चायत र नगर पञ्चायतको हकमा प्रधानपञ्च र उप–प्रधान-पञ्च तथा जिल्ला पञ्चायतको हकमा सभापति र उप–सभापति समेतलाई जनाउँछ ।

(ख) "मतदाता" भन्नाले प्रचलित नेपाल कानून बमोजिम गाउँ सभा वा नगर सभाको निर्वाचनमा मतदाता हुन योग्यता पुगेको व्यक्ति सम्झनुपर्छ ।

३. सहवरणद्वारा पद पूर्ति गर्नेः कुनै स्थानीय पञ्चायतको सदस्यको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणबाट रिक्त हुन आएमा सो रिक्त पदको पूर्ति सहवरणद्वारा गरिनेछ ।

तर, यस दफा बमोजिम सहवरण हुँदा रिक्त पदको बाँकी अवधिको लागि मात्र हुनेछ ।

४. सहवरण गरिने व्यक्तिको योग्यताः (१) कुनै पञ्चायतको रिक्त पदमा सहवरणद्वारा पूर्ति गर्दा सहवरण गरिने व्यक्ति प्रचलित नेपाल कानूनद्वारा सो पदको निमित्त निर्धारित योग्यता पुगेको हुनुपर्छ ।

(२) सहवरण गर्नु अघि गाउँ पञ्चायत वा नगर पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च र सदस्य तथा गाउँ सभा वा नगर सभाको सदस्य पदमा सहवरण गरिने व्यक्तिको हकमा गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति वा सो नभए गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समिति र जिल्ला पञ्चायतको सभापति, उप-सभापति र सदस्य तथा जिल्ला सभाको सदस्य पदमा सहवरण गरिने व्यक्तिको हकमा गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिबाट सो सहवरण गरिने व्यक्ति गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिद्वारा निर्धारित योग्यता पुगेको छ भन्ने अनुमोदन प्राप्त गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. सहवरण गर्नेः (१) जिल्ला पञ्चायतको सभापति वा उप–सभापति पदमा सहवरण गर्दा जिल्ला पञ्चायतका सदस्यहरूले आफूमध्येबाट सर्वसम्मतिले तोकेको व्यक्ति सहवरण हुनेछ ।

(२) जिल्ला पञ्चायतको सदस्य पदमा सहवरण गर्दा जिल्ला पञ्चायतका बाँकी सदस्यहरूले पद रिक्त भएको सम्बन्धित इलाकाभित्रका जिल्ला सभाका सदस्यहरूमध्येबाट सर्वसम्मतिले तोकेको व्यक्ति सहवरण हुनेछ ।

(३) नगर पञ्चायतबाट जिल्ला सभामा निर्वाचित वा सहवृत्त सदस्य पदमा सम्बन्धित नगर पञ्चायतबाट जिल्ला सभामा प्रतिनिधित्व गर्ने बाँकी सदस्यहरूले नगर पञ्चायतका सदस्यहरूमध्येबाट सर्वसम्मतिले तोकेको व्यक्ति सहवरण हुनेछ ।

(४) गाउँ पञ्चायत वा नगर पञ्चायतको प्रधानपञ्च वा उप–प्रधानपञ्च पदमा गाउँ पञ्चायत वा नगर पञ्चायतका सदस्यहरूले आफूमध्येबाट सर्वसम्मतिले तोकेको व्यक्ति सहवरण हुनेछ ।

(५) गाउँ पञ्चायत वा नगर पञ्चायतको सदस्य पदमा गाउँ पञ्चायत वा नगर पञ्चायतका बाँकी सदस्यहरूले गाउँ सभा वा नगर सभाका सम्बन्धित वडाका सदस्यहरूमध्येबाट सर्वसम्मतिले तोकेको व्यक्ति सहवरण हुनेछ ।

(६) गाउँ सभा वा नगर सभाको सदस्य पदमा गाउँ सभा वा नगर सभाका सम्बन्धित वडाका बाँकी सदस्यहरूले सोही वडाका मतदाताहरूमध्येबाट सर्वसम्मतिले तोकेको व्यक्ति सहवरण हुनेछ ।

६. सर्वसम्मति कायम नभएमाः (१) दफा ५ बमोजिम सहवरण गर्दा सर्वसम्मति कायम हुन नसकेमा देहायको पञ्चायतको रिक्त पदमा देहायका गाउँफर्क राष्ट्रिय अभियान समितिले तोकेको व्यक्ति सहवरण हुनेछः–

(क) जिल्ला पञ्चायतको सभापति, उप–सभापति र सदस्य तथा जिल्ला सभाको सदस्य पदमा गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समिति वा सो समिति नभए गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले,

(ख) गाउँ पञ्चायत वा नगर पञ्चायतको प्रधानपञ्च उप–प्रधानपञ्च र सदस्य तथा गाउँ सभा वा नगर सभाको सदस्य पदमा गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समिति वा सो नभए गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले वा सो समिति पनि नभए गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले ।

(२) उप–दफा (१) बमोजिम गाउँफर्क राष्ट्रिय अभियान समितिले दफा ५ मा उल्लेख गरिएको रिक्त पदमा सहवरण हुने व्यक्ति तोक्दा सोही दफामा उल्लेख गरिएका व्यक्तिहरू मध्येबाट मात्र तोक्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. निर्वाचित सदस्यको व्यवस्था लागू हुने: प्रचलित नेपाल कानूनमा स्थानीय पञ्चायतका निर्वाचित सदस्यको सम्बन्धमा भएको व्यवस्था सहवृत्त सदस्यलाई पनि लागू हुनेछ ।

८. नियम बनाउने अधिकार: यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

९. बाधा अडकाउ फुकाउने: यो ऐनमा लेखिएको कुनै कुरा कार्यान्वित गर्न बाधा अडकाउ परेमा श्री ५ को सरकारले त्यस्तो बाधा अडकाउ फुकाउन नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यस ऐनमा परेसरह मानिनेछ ।

१०. स्थानीय पञ्चायत (सदस्य सहवरण) अध्यादेश, २०३२ निष्क्रिय भएपछि त्यसको परिणाम: स्थानीय पञ्चायत (सदस्य सहवरण) अध्यादेश, २०३२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुर्‍याई अघि नै गरिएको अन्य कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायको सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्ता कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः २०३३।४।२८।५

आज्ञाले–

हरिप्रसाद शर्मा

श्री ५ को सरकारको का. मु. सचिव

५६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।